मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तहः बी.एड. प्रथम सेमेस्टर

बिषयः आधुनिक नेपाली कथा (नेपा.शि. ४१५/३१६)

रोल नं. ....................................

## समूह 'क'

सर्वोत्कृष्ट उत्तरमा रेजा(✓) चिन्ह लगाउनुहोस्। १०x१=१०

१. एड्गर एलन पो का अनुसार कथा के हो ?
(क) एकै बसाइमा पनि सकिने विधा
(ख) सत्यम् शिवम् सुन्दरम् को अभिव्यक्ति
(ग) एउटा सानो आँखीझ्यालबाट चियाइने संसार
(घ) जीवनमा आइपरेका घटनाको स्मृति

२. भाषाशैलीगत दुर्बोध्यता र जटिलता कुन धाराको प्रवृत्ति हो ?
(क) यथार्थवादी (ख) प्रयोगवादी
(ग) प्रगतिवादी (घ) समाजवादी

३. यमलाई प्राप्ति मात्र नभएर त्यागको उच्चतम विन्दुका रूपमा स्वीकार गर्ने पात्र को हुन् ?
(क) विधवा (ख) मैयाँ साहेब
(ग) लछमनिया (घ) रेनाता

४. मधेशतिर कथाका पात्रहरूले मधेसको यात्रा तय गर्नुको प्रमुख कारण कुन हो ?
(क) उब्जाउयोग्य जमिनको अभाव (ख) सुविधासम्पन्न जीवनयापन
(ग) आर्थिक जटिलताको समाधानको आशा (घ) पहाडी जीवनबाट मुक्ति

५. सिटी हलको बुढो ज्यामी कथाको सन्देश के हो ?
(क) अधिकार प्राप्तिका लागि सङ्घर्ष (ख) सिटी हलको निर्माण
(ग) शहरी परिवेशको चित्रण (घ) उच्च वर्गको जीवनशैली

६. ग्यास च्याम्बरको मृत्यु कुन विषयमा केन्द्रित छैन ?
(क) दोस्रो विश्वयुद्ध (ख) तानाशाही प्रवृत्ति
(ग) विज्ञान र प्रविधिको सदुपयोग (घ) मानवताको उजागर

७. 'थैले' खत्रीको इतिहास अभिव्यक्त गर्न खोजेको मूल पक्ष हो ?
(क) जातीयता (ख) वर्गीयता
(ग) धार्मिकता (घ) लैंगिकता

८. 'माछो माछो भ्याकुतो' कथामा र भ्यागुतोलाई कुन बिम्बका रूपमा प्रस्तुत गरिएको छ ?
(क) सत्य (ख) झुट
(ग) धर्म (घ) ईश्वर

९. 'खीर' कथामा कस्तो दृष्टिबिन्दुको प्रयोग गरिएको छ ?
(क) प्रथम पुरूष (ख) द्वितीय पुरूष
(ग) तृतीय पुरूष (घ) बाह्य दृष्टिबिन्दु

१०. सशस्त्र द्वन्द्वकालीन घटनालाई मूल बिषय बनाएर कथा लेख्ने कथाकार को हुन् ?
(क) राजेन्द्र विमल (ख) मोहनराज शर्मा
(ग) विजय चालिसे (घ) महेशविक्रम शाह

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

तह: वी.एड. प्रथम सेमेस्टर | पूर्णाङ्क: ६०

समय: ३ घण्टा | उत्तीर्णाङ्क: ३०

**विषय:** आधुनिक नेपाली कथा (नेपा.शि. ४१५/३१६)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ।*

## समूह 'ख'

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।** ६x५ = ३०

१. कथा र उपन्यासका बीचमा पाइने समानता र भिन्नताहरू प्रष्ट पार्नुहोस्।

२. मधेशतिर कथाकी विधवा र लक्ष्मनियाको गौना कथाकी लक्ष्मीनियाको चारित्रिक विशेषताको तुलना गर्नुहोस्।

३. कथाकार गुरुप्रसाद मैनालीका कथागत प्रवृत्तिहरू चिनाउनुहोस्।

**अथवा**

कथाकार इन्द्रबहादुर राईलाई अन्य कथाकारहरूबाट पृथक गर्ने कथागत विशेषताहरू के के हुन्?

४. पहेँलो गुलाफ कथाकी म पात्रको संवेदनाले महिलाहरूको मनोभावनालाई कसरी सम्बोधन गरेको छ? टिप्पणी गर्नुहोस्।

५. निर्दिष्ट पङ्क्तिको सन्दर्भ सहित व्याख्या गर्नुहोस।

मलाई एउटा कुराको सन्तोक भो। रेजिमेन्टले मैले मारेको ठाने पनि तेरो मनमा त म चोखै छु। हकि?

६. राजेन्द्र विमलको चरा बोल्छ कथाको परिवेश चित्रण गर्नुहोस्।

**अथवा**

मनु ब्राजाकीको एकान्त कथाले सामाजिक व्यङ्ग्यलाई प्रस्तुत गरेको छ भन्ने पुष्टि गर्नुहोस्।



## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस्।** २x१०= २०

७. 'ग्यास च्याम्बरको मृत्यु' कथाले विश्वयुद्धको विभीषिकालाई कसरी अस्वीकार गरेको छ? कथामा प्रस्तुत परिवेश र मूल कथ्यका आधारमा पुष्टि गर्नुहोस्।

८. कथाको वर्गीकरणका आधारहरू प्रस्तुत गर्नुहोस्।

**अथवा**

आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणका प्रमुख प्रवृत्तिहरूलाई केलाउँदै त्यसका प्रमुख उपलब्धि र कमजोरीहरूको समीक्षा गर्नुहोस्।

**समाप्त**